रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७७/०३/२८ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, ५ नं.प्रदेश

## कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७७

सम्बत २०७७ को कार्यविधी नं. २ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः :२०७७/०३/२८

# कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः

## प्रस्तावनाः

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा खटिने स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरु लगायतका जनशक्तीलाई कोरोना भाईरस रोकथाम कार्यमा संलग्न भई जोखिम बहन गरी कार्य गर्नुपर्ने अवस्थालाई मनन गरी निजहरुले गरेको उल्लेखनीय कार्यमा थप हौसलाका लागि प्रोत्साहन गर्न संक्रामक रोग ऐन २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र रुरुक्षेत्र गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७७** रहेको छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) अध्यक्ष भन्नाले रुरुक्षेत्र गाउँपालिकाको अध्यक्षलाई संझनुपर्दछ ।

(ख) गाउँपालिका भन्नाले रुरुक्षेत्र गाउँपालिका संझनुपर्दछ ।

(ग) कार्यालय भन्नाले गाउँ कार्यपालिकालाई संझनुपर्दछ । सो शव्दले वडा कार्यालय समेतलाई वुझाउनेछ ।

(घ) गाउँकार्यपालिका भन्नाले रुरुक्षेत्र गाउँ कार्यपालिकालाई संझनुपर्दछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले रुरुक्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई संझनुपर्दछ ।

(च) कर्मचारी भन्नाले गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई संझनुपर्दछ ।

(छ) स्वास्थ्य संयोजक भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखाको स्वास्थ्य संयोजकलाई संझनुपर्दछ ।

(ज) स्वास्थ्यकर्मी भन्नाले गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत सबैं स्वास्थ्यकर्मीहरुलाई संझनुपर्दछ । यो शब्दले ल्याव टेक्निसियन समेतलाई बुझाउनेछ ।

(झ) उपचार भन्नाले कोभिड १९ को संक्रमण पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा संझनुपर्दछ ।

(ञ) कोभिड १९ भन्नाले SARS-COV-2 भाईरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग संझनुपर्दछ ।

(ट) प्रोत्साहन भत्ता भन्नाले कोभिड १९ को उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न जनशक्तिलाई उपचार सम्बन्धी कार्य गर्दा जोखिम बहन गरेवापत प्रोत्साहन गर्न उपलव्ध गराउने सुविधा संझनुपर्दछ ।

(ठ) जनशक्ति भन्नाले कोभिड १९ को संक्रमणको रोकथाम नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न स्वास्थ्यकर्मी (डाक्टर, नर्स, प्यारामेडिक्स, ल्याव टेक्निसियन, कविराज, वैद्य), गाउँपालिकाका कर्मचारी, सवारी चालक, कार्यालय सहयोगी तथा प्रमुख प्रशासकीय अधिकृतले कोभिड १९ को संक्रमणको रोकथाम नियन्त्रण र उपचार तथा अन्य व्यवस्थापकीय कार्यमा खटाएका जनशक्तिलाई संझनुपर्दछ ।

## परिच्छेद-२

३. प्रोत्साहन सुविधाः रुरुक्षेत्र गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुलाई लकडाउन अवधि भर कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य गर्दा देहाय वमोजिम थप सुविधा उपलव्ध हुनेछ ।

(क) आइसोलेसन तथा PCR/RDT कार्यमा पहिलो पंक्तीमा रही कार्य गर्ने स्वास्थ्य कर्मी तथा कर्मचारीलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको १०० प्रतिशत भत्ता उपलव्ध गराईनेछ ।

(ख) हेल्थ डेक्स तथा क्वारेन्टाइन कार्यमा दोस्रो पंक्तीमा रही कार्य गर्ने स्वास्थ्य कर्मीहरुलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको ७५ प्रतिशत भत्ता उपलव्ध गराईनेछ ।

(ग) स्वास्थ्य संस्थाहरु तथा आयुर्वेद औषधालयमा सेवारत स्वास्थ्य तथा आयुर्वेदका कर्मचारीहरुलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको क्रमशः ३० प्रतिशत र १५ प्रतिशत भत्ता उपलव्ध गराईनेछ ।

(घ) क्वारेन्टाइन व्यवस्थापन, आइसोलेसन व्यवस्थापन कार्य तथा कोभिड १९ को रोकथाम तथा नियन्त्रणको कार्य, जनशक्ति व्यवस्थापन तथा कोभिड १९ को नियन्त्रण रोकथामको अन्य व्यवस्थापकीय कार्यमा खटिने जनशक्तिलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको ५० प्रतिशत भत्ता उपलव्ध गराईनेछ ।

४. सुविधा पाउने आधार र मापदण्डः दफा ३ बमोजिमको प्रोत्साहन भत्ता प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई पेश गर्नुपर्नेछ ।

(क) स्वास्थ्यकर्मीहरुको हकमा रुरुक्षेत्र गाउँपालिकाका स्वास्थ्य शाखाबाट निजहरुले लकडाउन अवधिभर कोभिड १९ को उपचारमा खटिएको प्रमाणित विवरण खुलाई पेश गर्नुपर्नेछ ।

(ख) अन्य कर्मचारीको हकमा निजहरुले कार्य गरेको विवरण तथा खटिएको प्रयोजन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृतको हकमा अध्यक्षले खटाउनु पर्नेछ ।

## परिच्छेद-३

५. बजेट/श्रोतको व्यवस्थाः (१) प्रोत्साहन भत्ता तथा अन्य भत्ता सुविधा उपलव्ध गराउन आवश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा रकम स्वास्थ्यकर्मी, स्वास्थ्य शाखा, स्वास्थ्य संस्था र आयुर्वेद औषधालयका कर्मचारीहरुको हकमा सशर्त बजेट अन्तरगत स्वास्थ्य संस्थाहरुका कर्मचारीहरुलाई

विनियोजित बजेटवाट गरिनेछ । अन्य जनशक्तिहरुको हकमा गाउँपालिकाको विपद् व्यवस्थापन कोषको रकमबाट उपलव्ध गराईनेछ ।

६. सुविधा पाउने अवधिः कोभिड १९ को उपचार सम्बन्धी कार्य गर्दा जनशक्तीलाई उपलव्ध हुने यस कार्यविधि बमोजिमको भत्ता/सुविधाको अवधि नेपाल सरकारले लकडाउनको घोषणा गरेको अवधि २०७६ चैत्र ११ गते देखि लागु हुने गरी लकडाउन कायम रही रहेमा २०७७ असार मसान्तसम्मको लागि मात्र हुनेछ । तर गाउँ कार्यपालिकाले आवश्यक ठानेमा अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद-४

७. विविधः (१) यस कार्यविधिको कार्यान्वयन गर्दा केही दुविधा पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०७७/०३/२८

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत